तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही, ५ नं प्रदेश, नेपाल

कार्यपालिका बैठक संख्या २/०७६/०७७(६७) मितिः २०७६।०४।१९ गते ।

प्रस्तावहरु :

१. **"तिलोत्तमा लगानी सम्मेलन"** सम्वन्धमा ।
२. सि.सि. क्यामेरा जडान सम्वन्धमा ।
३. सामुदायिक संस्थाको भौतिक पूर्वाधार निर्माणका लागि जग्गा सिफारिस सम्बन्धमा ।
४. करारमा प्राविधिक कर्मचारी भर्ना सम्वन्धमा ।
५. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत वेरोजगार व्यक्तिहरुको अन्तिम सूची प्रकाशन सम्वन्धमा ।
६. विविध ।

## निर्णयहरु :

निर्णय नं.- १

- कार्यपालिका बैठक संख्या २३/०७५/०७६(५९) मिति २०७६।०१/१० गतेको निर्णय नं. ६ संशोधन गरी आगामी आश्विन ९ र १० गते आयोजना गरिएको तिलोत्तमा लगानी सम्मेलन १ दिनमा (९ गते) सम्पन्न गर्ने निर्णय गरियो ।
- कार्यपालिका बैठक संख्या २३/०७५/०७६(५९) मिति २०७६।०१/१० गतेको निर्णय नं.६ को दोस्रो बुँदामा गठन गरिएको तिलोत्तमा लगानी **सम्मेलन निर्देशक समितिमा सदस्यहरु** थप गरी देहाय बमोजिम कायम गरियो ।

**क) लगानी सम्मेलन निर्देशक समिति**

- नगर प्रमुख श्री वासुदेव घिमिरे - संयोजक
- उप-प्रमुख श्री जगेश्वर देवी चौधरी - सदस्य
- नगर अध्यक्ष, ने.क.पा श्री मोहन चापागाई - सदस्य
- नगर सभापति, ने.का श्री हरिलाल पाण्डे - सदस्य
- नगर अध्यक्ष रा.ज.पा. श्री राजु राना - सदस्य
- अध्यक्ष, ति. उद्योग वाणिज्य संघ श्री गुणानिधी भण्डारी (माधव) - सदस्य
- अध्यक्ष, तिलोत्तमा व्यापार संघ श्री जेपी कंडेल - सदस्य
- अध्यक्ष, तिलोत्तमा व्यापार संगठन श्री सत्यव्रत ज्ञवाली - सदस्य
- अध्यक्ष, घरेलु तथा साना उद्योग महासंघ रुपन्देही श्री ध्रुव धिताल - सदस्य
- प्रमुख प्रशासकीय अधिकृत श्री कृष्णप्रसाद सापकोटा - सदस्य सचिव

तिलोत्तमा नगरपालिका नगर कार्यपालिकाको कार्यालय मणिग्राम, रुपन्देही ५ नं. प्रदेश, नेपाल

कार्यपालिका बैठक संख्या २३/०७५/०७६(५९) मिति २०७६।०१/१० गते गठन गरिएको तिलोत्तमा **लगानी सम्मेलनको सचिवालयमा** सदस्यहरु थप गरी देहाय बमोजिम कायम गरियो ।

ख) तिलोत्तमा लगानी सम्मेलनको सचिवालय

- प्रमुख प्रशासकीय अधिकृत श्री कृष्णप्रसाद सापकोटा - संयोजक
- कार्यपालिका सदस्य श्री दुर्गाप्रसाद पाण्डे - सहसंयोजक
- कार्यपालिका सदस्य श्री सुखदेव न्यौपाने - सदस्य
- कार्यपालिका सदस्य श्री कृष्णप्रसाद पौडेल - सदस्य
- कार्यपालिका सदस्य श्री तामानाथ पाण्डे - सदस्य
- कार्यपालिका सदस्य श्री गणेश न्यौपाने - सदस्य
- कार्यापालिका सदस्य श्री नारायण न्यौपाने - सदस्य
- कार्यपालिका सदस्य श्री संगिता गुरुङ्ग - सदस्य
- कार्यपालिका सदस्य श्री सुरेन्द्र श्री (विश्वकर्मा) - सदस्य
- कार्यपालिका सदस्य श्री चेतनारायण भण्डारी - सदस्य
- अध्यक्ष ति. च्याम्बर अफ कमर्स श्री झविन्द्रप्रसाद कंडेल - सदस्य
- अध्यक्ष ति. उद्योग वाणिज्य संघ श्री माधवप्रसाद भण्डारी - सदस्य
- अध्यक्ष, तिलोत्तमा व्यापार संगठन श्री सत्यव्रत ज्ञवाली - सदस्य
- आर्थिक प्रशासन शाखा प्रमुख श्री चिन्तावहादुर थापा - सदस्य
- प्रशासन शाखा प्रमुख शा.अ. श्री सागर गौतम - सदस्य
- प्रशासन शाखा प्रमुख शा.अ. श्री प्रदिप खनाल - सदस्य
- राजस्व अधिकृत श्री ईन्द्रदत्त सापकोटा - सदस्य
- वैठक शाखा प्रमुख श्री सीता घिमिरे - सदस्य
- नक्सा शाखा प्रमुख श्री मनिप खनाल - सदस्य
- योजना शाखा प्रमुख ई. श्री प्रदीप वन - सदस्य
- वातावरण शाखा प्रमुख ई. श्री गिरिराज डुम्रे - सदस्य
- कानुनी सल्लाहाकार श्री खुमाकान्त पौडेल - सदस्य
- प्रेस सल्लाहाकार श्री वीपी गौतम - सदस्य
- नगर प्रमुख स्वकिय सचिव श्री विष्णु प्रसाद अर्याल - सदस्य
- EPI प्रतिनिधि श्री प्रज्वल जोशी - सदस्य
- आर्थिक विकास शाखा प्रमुख शा.अ. श्री माधवप्रसाद पोखेल - सदस्य सचिव

**स्थायी आमन्त्रित सदस्यहरु :**

- नगर प्रमुख श्री बासुदेव घिमिरे
- नगर उप-प्रमुख श्री जगेश्वर देवी चौधरी
- उप-सचिव श्री गंगाराम आचार्य



बासुदेव घिमिरे
नगर प्रमुख

निर्णय नं.-२

- बुटवल-वेलहिया व्यापारिक मार्गको तिलोत्तमा नगरपालिका खण्डमा सि.सि. क्यामरा जडान सम्बन्धमा देहाय बमोजिम गर्ने ।
  १. ब.शि.नं. ५०८०(४) अन्य संघ संस्थासँग लागत साझेदारी कार्यक्रमबाट उक्त परियोजना संचालनको लागि रु. १५,०००००। (रु.पन्ध्र लाख) बजेट विनियोजन गर्ने ।
  २. तिलोत्तमा उद्योग वाणिज्य संघ, तिलोत्तमा व्यापार संघद्धारा गठन गरिएको **"सि.सि. क्यामरा व्यवस्थापन"** समितिसँग प्रचलित कार्यविधि अनुसार सम्झौता गरी कार्यप्रारम्भ गर्ने ।
  ३. सि.सि. क्यामरा व्यवस्थापन, मर्मत सम्भार, सुरक्षा लगायतका कामहरुको सम्पूर्ण जिम्मेवारी तिलोत्तमा व्यापार संघलाई दिने ।
  ४. सि.सि. क्यामरा व्यवस्थापन तथा मर्मत सम्भारका लागि नगरसभाले तोके बमोजिमको रकम प्रत्येक वर्ष छुट्टाउने ।
  ५. अन्य व्यवस्था नगरपालिकाले तोके बमोजिम हुने।

निर्णय नं.-३

- तिलोत्तमा नगरपालिका वडा नं ५ राधाकृष्ण टोलमा रहेको संरक्षित सार्वजनिक जग्गा मध्ये मिति २०७४/०२/२२ को नगरपालिकाको निर्णयानुसार तिलोत्तमा व्यापार संघलाई सामुदायिक हल र सचिवालय निर्माण गर्न सिफारिस गरी आएकोमा बाँकी जग्गा मध्ये निम्न अनुसार सम्वन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो।

| सि.नं. | संस्थाको नाम | कि.नं. र क्षेत्रफल | कैफियत |
|---|---|---|---|
| १ | तिलोत्तमा व्यापार संघ | (६४) ०-५-० | आनन्दवन ५ (ख) |
| २ | आमा समूह | (६४) ०-१-० | आनन्दवन ५ (ख) |
| ३ | तुल्सीपुर कुलो मौजा | (६४) ०-२-० | आनन्दवन ५ (ख) |
| ४ | करैया खानेपानी उपभोक्ता तथा सरसफाई संस्था | (६४) ०-४-० | आनन्दवन ५ (ख) |

- वडा नं.-४ डिङ्गरनगर प्रस्तावित सामुदायिक गौतमबुद्ध मुटु हस्पिटलको उत्तर तर्फबाट साविक आनन्दवन ३ज मा पर्ने कित्ता नं. ७६ र १ बाट करिव ०-८-० (आठ कट्ठा) जग्गामा तिलोत्तमा साहित्य कला संगित प्रतिष्ठान र साधना सांस्कृतिक कला केन्द्रको लागत साझेदारीमा तिलोत्तमा नाच घर निर्माण गर्ने निर्णय गरी सोही अनुसार सिफारिस गर्ने निर्णय गरियो ।



बासुदेव घिमिरे

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही
५ नं. प्रदेश, नेपाल

- वडा नं.-७ करहिया खानेपानी हालको [illegible] बोरिङ्गको दक्षिण तर्फ, क्रियापुत्री भवनको पूर्वतर्फ, शहरी स्वास्थ्य केन्द्रको उत्तरतर्फ र उत्तर दक्षिण बाटोको पश्चिमतर्फ रहेको जग्गावाट १३० फिट र उत्तर दक्षिण १०४ फिट गरी कूल करिव ०-३-१०-० (तिन कट्ठा दश धुर) क्षेत्रफल जग्गा भलवारी व्याड मिन्टन क्लवको कभर्ड हल एवम् प्रशिक्षण केन्द्र स्थापनाको लागि सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं.-४

- तिलोत्तमा नगरपालिकालाई आवश्यक पर्ने प्राविधिक कर्मचारीहरुको संख्या पहिचान गरी कार्यापालिकाको अर्को वैठकमा पेश गर्ने जिम्मेवारी सार्वजनिक सेवा तथा क्षमता विकास समितिलाई दिने निर्णय गरियो ।

निर्णय नं ५

- नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय **"प्रधानमन्त्री रोजगार कार्यक्रम"** मार्फत आ.व. २०७६/०७७ मा न्यूनतम रोजगारीमा संलग्न हुन चाहने बेरोजगार व्यक्तिहरुले भरेका फारम १०२६ मध्ये तोकिए बमोजिमका मापदण्डका आधारमा छानविन गरी कार्यपालिका बैठक २७/०७५/०७५ (६३) मा प्रमाण पुगेका ७५४ व्यक्तिहरुको विवरण पेश भएको र २०७६ असार मसान्तसम्म गुनासो सुनुवाई चरणको क्रममा १७ बटै वडा कार्यालयहरु र रोजगार सेवा केन्द्रमा प्रमाण नपुगेका व्यक्तिहरु मध्येवाट १४ जना व्यक्तिहरुको प्रमाण पुगेकोले प्रमाण पुगेका बेरोजगार व्यक्तिहरु (७६८ मध्ये पुरुष २६६ र महिला ५०२) को अन्तिम सूची प्रकाशित गरियो ।

विविध (क)

- आर्थिक वर्ष २०७६।७७ लागि नेपाल सरकार र प्रदेश सरकारका तिलोत्तमा नगरपालिका स्तरीय योजनाहरुको बारेमा जानकारी आदान प्रदान गरी सम्बन्धित मन्त्रालय/विभाग/कार्यलयसँग समन्वय गरी तोकिएकै समयमा उक्त योजनाहरु सम्पन्न गर्नको लागि आवश्यक पहल गर्ने निर्णय गरियो ।

विविध (ख)

- मिति २०७६/०१/१६ गते गठन भएको सार्वजनिक खरिद योजना निर्माण समितिको प्रतिवेदन माथि छलफल गरी उक्त समितिले कार्यपालिकामा उठेका जिज्ञासाहरु समेत समेटी एकिकृत प्रतिवेदन अर्को बैठकमा पेश गर्ने ।

विविध (ग)

- आगामी वर्ष वडा कार्यालयका बाँकी भवन निर्माण प्रयोजनका लागि वडा नं. १ र ४ ले वडामै निर्णय गरी वडा केन्द्र रहने ठाउँ सहित नगरपालिकामा सिफारिस गर्ने निर्णय गरियो ।

बासुदेव घिमिरे
प्रमुख

विविध (घ)

- आकस्मिक रुपमा विरामी परी क्रिमसन अस्पताल, मणिग्राममा उपचाररत यस नगरपालिकाको वाड नं १३ मा कार्यरत कार्यालय सहयोगी श्री नरवहादुर घर्तीको शीघ्र स्वास्थ्य लाभको कामना गरियो ।

विविध (ङ)

- मिति २०७५/०३/२७ गते सम्झौता भएको ठेक्का नं.३९/०७४/०७५ को शहरी स्वास्थ्य केन्द्र भवन निर्माण, तिलोत्तमा-७ को मिति २०७६/०३/२० गते ठेक्का सम्झौता मिति समाप्त भएको तर आंशिक कार्य बाँकी रहेको हुँदा पौष मसान्त सम्मको लागि ठेक्का म्याद थप गर्ने निर्णय गरियो ।

विविध (च)

- मिति २०७५/१२/१२ गते श्री अभियन्ता कन्ट्रक्सनसँग सम्झौता भएको ठेक्का नं. ८/०७५/०७६ को सम्झौता मिति २०७६/०२/३० गते समाप्त भएको तर कार्य सम्पन्न नभएको भएता पनि सो योजनाको लागि आ.व. ०७६/०७७ मा भुक्तानी हुने कुनै उपयुक्त वजेट शीर्षक नरहेको हुँदा निर्माण व्यवसायी र कार्यालयको संयुक्त समझदारीमा ठेक्का रद्ध गर्ने निर्णय गरियो ।

विविध (छ)

- मिति २०७६/०२/०८ गते श्री मुक्ति कन्ट्रक्सन प्रा.लि. सँग ठेक्का सम्झौता भएको, प्रदेश समपूरक कोषतर्फको ठेक्का नं. २६/०७५/०७६ का लागि लौसी खोला कानपारा सडक स्तरउन्नती ति.न.पा.-१७ सम्वन्धी योजनाको ठेक्का सम्झौता, मिति २०७६/०३/३० गते समाप्त भएको हुँदा निर्माण व्यवसायी र कार्यालयको संयुक्त समझदारीमा ठेक्का रद्ध गर्ने निर्णय गरियो । निज निर्माण व्यवसायीलाई समयमा काम पुरा गर्न नसकेको हुँदा कालो सूचीमा राख्ने निर्णय गरियो ।

विविध (ज)

- मिति २०७६/०२/२९ गते ठेक्का सम्झौता भएको ठेक्का नं.३२/०७५/०७६ को नगर प्रवेशद्वार निर्माण सम्वन्धी योजनाको मिति २०७६/०३/३० गते ठेक्का सम्झौता मिति समाप्त भएको तर आ.व.को अन्त्य सम्म पनि कार्य प्रारम्भ नभएको हुँदा धरौटी जफत गरी ठेक्का तोड्ने निर्णय गरियो ।

बासुदेव घिमिरे
नगर प्रमुख